# मधुवन नगरपालिका

# मधुवन राजपत्र

खण्डः ८ संख्याः २ प्रमाणीकरण मितिः २०८१/०३/२९
प्रकाशन मितिः २०८१/०३/३०

## भागः १

## मधुवन नगरपालिका नगरसभाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम मधुवन नगरपालिकाको नगरसभाले मिति २०८१/०३/२९ मा जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ ।

मधुवन नगरपालिकाको विनियोजन ऐन, २०८१

आज्ञाले,
मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

मधुवन नगरपालिकाको विनियोजन ऐन, २०८१

# मधुवन नगरपालिकाको विनियोजन ऐन, २०८१

**प्रस्तावनाः** मधुवन नगरपालिका, बर्दिया २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मधुवन नगरपालिका, बर्दियाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मधुवन नगरपालिका, बर्दियाको विनियोजन ऐन,२०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१/८२ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त चालू खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ९२,६४,२६,६१३ (अक्षेरुपी बयानब्बे करोड चौसठ्ठि लाख छब्बिस हजार छ सय तेह्र मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

२. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएकोमा रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त मधुवन नगरपालिका, बर्दियाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै मा बचत हुने र कुनैमा अपुग हने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु र पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी चालुखर्च शिर्षकबाट चालु खर्च शिर्षक तथा पुँजिगत खर्च शीर्षकमा तथा पुँजिगतबाट पुँजिगत खर्च शीर्षकहरुमा मात्र रकम सार्न सकिनेछ । यसरी सारिएको रकम सभाबाट अनुमोदन गराउनुपर्नेछ ।

मधुवन नगरपालिकाको विनियोजन ऐन, २०८१